बैठक सञ्चालन कार्यविधि-२०७४

## अनुसूची - १

### बुदा नं १२.२ सँग सम्बन्धित

बैठक संख्या: ६७
मिति: २०७८/०४/२७
अध्यक्षता: श्री वीर बहादुर घर्ती

थवाङ गाउँपालिका कार्यपालिकाको कार्यालय थवाङ,रोल्पा लुम्बिनी प्रदेश,नेपाल

**कार्यपालिकाका पदाधिकारीहरु:**

| | | |
|---|---|---|
| १. | श्री वीर बहादुर घर्ति | अध्यक्ष |
| २. | श्री रामकिरणी रोकामगर | उपाध्यक्ष |
| ३. | श्री रेवत बहादुर बुढाथोकी | सचिव (प्रमुख प्रशासकीय अधिकृत) |
| ४. | श्री जनक बहादुर बुढामगर | १ नं वडा अध्यक्ष |
| ५. | श्री वसन्त रोका | २ नं वडा अध्यक्ष |
| ६. | श्री भिम बहादुर रोका | ३ नं वडा अध्यक्ष |
| ७. | श्री उदिम घर्ति | ४ नं वडा अध्यक्ष |
| ८. | श्री गोवर्धन घर्ति | ५ नं वडा अध्यक्ष |
| ९. | श्री जुरमुखी रोका | कार्यपालिका सदस्य |
| १०. | श्री रामकली विश्वकर्मा | कार्यपालिका सदस्य |
| ११. | श्री पुन बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य |
| १२. | श्री धन कुमारी रोका | कार्यपालिका सदस्य |
| १३. | श्री रामकुमारी विश्वकर्मा | कार्यपालिका सदस्य |

**अन्य उपस्थिति:ध**

| | | |
|---|---|---|
| १. | श्री जित कुमारी वि क | वडा सदस्य वडा नं १ |
| २. | श्री भिमसेन बुढा मगर | सूचना अधिकारी |
| ३. | श्री धनमाया रोकामगर | कार्यलय सहयोगी |

**प्रस्ताव:**

१. वार्षिक कार्यक्रम/आयोजना कार्यान्वयन सम्बन्धमा।
२. खाली रहेका कार्यालय सहयोगी पदपूर्ति सम्बन्धमा।

३. प्रविधिमा आधारित शिक्षण विधि लागु सम्बन्धमा ।
४. युद्ध स्मारक तथा संग्राहलय र पार्क सम्बन्धमा ।
५. प्रदेश उर्जा कार्यालय लमहीमा सोलार माग सम्बन्धमा ।
६. आधारभूत स्वास्थ्य संस्था केन्द्रको तलब भत्ता सम्बन्धमा ।
७. बजेट माग सम्बन्धमा ।
८. सोलार मिनीग्रिडको मिटर सम्बन्धमा ।

**निर्णयः**

प्रस्ताव नं १ माथि छलफल गर्दा उपभोक्ता समितिबाट हुने कामको लागि २०७८ भाद्र मसान्त भित्र गठन तालिम गरी २०७८ असोज १५ गते भित्र सम्झौता गरी सक्नु पर्नेछ । साथै ठेक्काबाट गर्ने कामको सन्दर्भमा २०७८ असोज पहिलो हप्ता सम्ममा बोलपत्र आव्हान गर्ने गरी प्राविधिक शाखालाई निर्देशन दिने निर्णय गरियो । अन्य खरिदका कार्यहरु वार्षिक खरिद योजना बनाई २०७८ असोज मसान्त सम्म खरिदको सम्झौता गरीसक्नु पर्नेछ । उपभोक्ता समिति/ठेक्काको खरिद बाहेक अन्य खरिद कार्यको लागि अध्यक्षको अनुमति लिई खरिद सम्झौता गर्नुपर्नेछ ।

प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत तपशिल बमोजिमका कार्यालय/शाखाको लागि कार्यालय सहयोगी करार सेवामा भर्ना गर्नको लागि गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

***तपशिल***

| क्र.सं | पद | कार्यालय/शाखा | कैफियत |
|---|---|---|---|
| १ | कार्यालय सहयोगी | वडा कार्यालय वडा नं ३ टुटु मिरुल | एक जना |
| २ | कार्यालय सहयोगी | स्वास्थ्य चौकी मिरुल | एक जना |
| ३ | कार्यालय सहयोगी | कोभिड अस्थायी अस्पताल, थबाङ गा पा १, थबाङ | एक जना |
| ४ | कार्यालय सहयोगी | आधारभुत स्वास्थ्य तथा सरसफाई शाखा | एक जना |
| ५ | लेखा सहायक | जलजला अस्पताल तथा अनुसन्धान केन्द्र | एक जना |

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस वर्षबाट कक्षा १० को पठनपाठन प्रविधिमा आधारित (Internet मार्फत) गर्ने निर्णय गरियो । साथै यस गाउँपालिकाको तीन माध्यमिक विद्यालयबाट एक एक प्रतिनिधि, शिक्षा शाखा

प्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत र वडा अध्यक्षहरुलाई उक्त शिक्षण विधिको अवलोकन तथा अभिमुखीकरणमा पठाउने निर्णय गरियो ।

प्रस्ताव नं ४ माथि छलफल गर्दा थबाङ गाउँपालिका वडा नं १ अन्तर्गत विवाङमा रहेको युद्ध स्मारक तथा स्ग्राहालय र पार्कमा हंसिया हतौडा अंकित ऐतिहासिक शहिद स्तम्भ निर्माण गर्ने गरियो । साथै थबाङ गाउँपालिका भित्रका सम्पूर्ण शहिदहरुको शालिक र फोटो सहितको विवरण युद्ध स्मारक तथा संग्राहालयमा राख्ने निर्णय गरियो ।

प्रस्ताव नं ५ माथि छलफल गर्दा प्रदेश उर्जा कार्यालय लमहीमा तपशिल बमोजिमका उर्गा सम्बन्धी आयोजना माग गर्ने निर्णय गरियो ।

***तपशिल***

| क्र.सं | आयोजनाको नाम | ठेगाना | आवश्यक रकम |
|---|---|---|---|
| १ | महेन्द्र प्रा वि | थर्पू, वडा नं ४ | |
| २ | हिमालय प्रा वि | दाङ्सगा, वडा नं ५ | |
| ३ | नेपाल राष्ट्रिय आधारभूत विद्यालय | घोराबाङ, वडा नं ४ | |
| ४ | वडा नं ४ कार्यालय | घोराबाङ, वडा नं ४ | |
| ५ | दिपज्योति प्रा वि | डुलिडाँडा, वडा नं २ | |
| ६ | वडा नं २ अन्तर्गतका गाउँमा १२५ होमसिस्टम | वडा नं २ | |
| ७ | जनसेवक प्रा वि | कोटलवारा, वडा नं ५ | |
| ८ | वडा नं ४ अन्तर्गत कम्तिमा १५० होमसिस्टम | वडा नं ४ | |
| ९ | शिखरकोट, जायाको विद्यालयको लागि | वडा नं ३ | |
| १० | वडा नं १ अन्तर्गत होम सिष्टम करिब १०० घर परिवार | वडा नं १ | |
| ११ | वडा नं ३ अन्तर्गत होम सिष्टम करिब ११५ घर परिवार | वडा नं ३ | |

प्रस्ताव नं ६ माथि छलफल गर्दा आधारभूत स्वास्थ्य सेवा केन्द्र छेर्लोबाङ र आधारभूत स्वास्थ्य इकाई घोराबाङको आ.व. २०७८/०७९ का स्वास्थ्य कर्मी/कर्मचारीको तलब भत्ता नआएकोले छुट भएको रकम स्वास्थ्य तथा जनसंख्या मन्त्रालय काठमाण्डौंमा माग गर्ने निर्णय गरियो ।

प्रस्ताव नं ७ माथि छलफल गर्दा विश्व महामारीको रुपमा फैलिएको नोभल कोरोना (कोभिड १९) भाईरस पहिलो, दोस्रो संगै तेस्रो भाईरसको संक्रमण तयारीको लागि यस गाउँपालिका स्थित निरन्तर सञ्चालनरत

थबाङ आइसोलेसन सेन्टर, झकेबाङ रोल्पाको लागि १ जना डाक्टर, २ जना स्टाफ नर्स र १ जना कार्यालय सहयोगी साथै औषधी लगायत आइसोलेसन व्यवस्थापन गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नीति योजना तथा अनुगमन शाखा, रामशाहपथ, काठमाण्डौँमा बजेट माग गर्ने निर्णय गरियो।

प्रस्ताव नं ८ माथि छलफल गर्दा थबाङ सोलार मिनीग्रिड परियोजनामा प्रि-पेड मिटर रिडिङ उपलब्ध नभएकाले हालका लागि सामान्य मिटर प्रयोग गर्ने निर्णय गरियो।